REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18.40HRS 11.05.2024

- Tara in Cannes Film Festival

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले प्रतिष्ठित केन्स अन्तरराष्ट्रिय चलचित्र उत्सव 2024-मा आफ्नो शुरूवात गरिरहेको ताराः The Lost Star नामक चलचित्र निर्माणका सम्पूर्ण टोलीलाई बधाई एवं शुभकामना दिनुभएको छ। उहाँले एउटा सोसल मिडिया पोस्टमा यसलाई सिक्किमका निम्ति उल्लेखनीय उपलब्धी बताउनुभएको छ।

मुख्यमन्त्रीले यस चलचित्रका निर्देशक, निर्माता र यस सिनेमाई उत्कृष्ट कृतिलाई जीवन्त बनाउनमा संलग्न प्रत्येक व्यक्तिहरूको प्रशंसा गर्नुभएको छ।

श्री तामाङले भन्नुभएको छ, यस माइलखुट्टीले हाम्रो क्षेत्रको इतिहासमा एउटा महत्त्वपूर्ण क्षण बनाउनका साथै हाम्रो जीवन्त संस्कृति र हिमालयको समृद्ध कथालाई पनि प्रदर्शित गर्दछ। ताराः The Lost Star नेपाली भाषामा बनिएको एउटा सामाजिक नाटक हो, जसले आफ्नो आकर्षक कथाले विश्व भरिका दर्शहरूलाई मन्त्रमुग्ध गर्ने वाचा गर्दछ।

मुख्यमन्त्रीले यो उपलब्धी हाम्रा फिल्म निर्माता र कलाकारहरूको प्रतिभा, समर्पण र लगनशीलताको प्रमाण हो भनी बताउनुभएको छ। यो सिनेमा केन्सको मञ्चको शोभा बढ़ाउन तयार छ भन्दै उहाँले यसले हाम्रो चलचित्र उद्योगका लागि सही मार्गको रूपमा काम गर्नका साथै सिक्किमको रचनात्मक भावनालाई प्रोत्साहित गर्ने छ भनी बताउनुभएको छ।

--------------------------------------X--------------------------------------

- <u>Padma Shri Award</u>

राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले हालै नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा भारतको चौथो प्रतिष्ठित नागरिक पुरस्कार पद्मश्रीले विभूषित बाँस शिल्पकार श्री जोर्डन लेप्चालाई बधाई एवं शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ, श्री लेप्चाको बाँसबाट परम्परागत लेप्चा टोपी बनाउने सांस्कृतिक सम्पदामा असाधारण योगदान रहेको छ।

राज्यपालले भन्नुभएको छ, सिक्किम जस्तो शान्त राज्यका श्री लेप्चा आफ्नो प्रयासबाट समर्पण, लगनशीलता र उत्कृष्टताको उदाहरण दिनका साथै समग्र राष्ट्रका निम्ति प्रेरणाको श्रोत बन्नुभएको छ। उहाँले उल्लेखनीय सफलताले राज्यलाई गर्वान्वित तुल्याउनका साथै यस क्षेत्रको अद्भूत शक्ति र प्रतिभाको प्रमाणको रूपमा पनि काम गर्ने बताउनुभयो।

श्री आचार्यले भन्नुभएको छ, देशको सर्वोच्च नागरिक सम्मानमध्ये एउटा पद्मश्रीले श्री जोर्डन लेप्चाको हथकरघा कौशलप्रति अटूट प्रतिबद्धता र समाजमा उहाँको महत्त्वपूर्ण प्रभावलाई चित्रण गर्दछ। राज्यपालले उत्कृष्टता र नवीनताको उहाँको अथक प्रयासले राष्ट्रिय प्रशंसा मात्र प्राप्त नगरेर धेरै मानिसहरूको जीवनलाई पनि प्रभावित पार्नका साथै आगामी पुस्ताका लागि स्थायी विरासत छोड़ेको बताउनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Governor’s Sarnath campus Visit</u>

राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले हिजो सरनाथ भाराणशीस्थित केन्द्रिय उच्च तिब्बती अध्ययन संस्थानको भ्रमण गर्दै सिक्किमे विद्यार्थीहरूसित भलाकुसारी गर्नुभयो। उहाँले यस अवसरमा विद्यार्थीहरू र कर्मचारीहरूअघि भगवान बुद्धको शिक्षाको स्थायी प्रासंगिकतामाथि प्रेरणामुलक सम्बोधन राख्नुभयो।

श्री आचार्यले विद्यमान चुनौतीहरूको सामना गर्न र व्यक्तिगत अनि सामूहिक रूपमा सामंजस्यपूर्ण अस्तित्वलाई प्राथमिकता दिनमा भगवान बुद्धको शिक्षाको स्थायी प्रासंगिकतामाथि प्रकाश पार्नुभयो।

उहाँले राष्ट्रपिता महात्मा गान्धीलाई पनि श्रद्धाञ्जली अर्पण गर्नुभयो, जो भगवान बुद्धले देखाउनुभएको मार्गमा हिड्नुभएको थियो।

---------------------------------------X---------------------------------------

- <u>Fisheries Department</u>

मत्स्यपालन विभागको एउटा महत्त्वपूर्ण सभा हिजो गान्तोकको पार्जर स्टेडियम सड़कस्थित विभागीय कार्यालयको सम्मेलन कक्षमा सम्पन्न भयो। यस अवसरमा राज्यमा मत्स्यपालनको क्षेत्रमा अनुसन्धान र नवप्रवर्तनलाई अघि बढाउन सहयोगी प्रयासबारे छलफल गर्न दुई दिने सिक्किम भ्रमणमा रहनुभएका भिमताल उत्तराखण्डस्थित Coldwater Fisheries Research निदेशालय ICAR-का निदेशक डाक्टर प्रमोद कुमार पाण्डेको विशेष उपस्थिति रहेको थियो।

विभागीय सचिव सुश्री रोश्नी राईको अध्यक्षतामा सम्पन्न सभालाई सम्बोधन गर्दै डाक्टर पाण्डेले भन्नुभयो, ICAR, मत्स्यपालन निदेशालय, भिमतालले राज्यमा चीसो पानी मत्स्यपालन र जलीय कृषि गतिविधिको विकासका लागि मार्गचित्र बनाउने योजना बनाइरहेछ। सभामा जलवायु परिवर्तनका कारण सिक्किममा मत्स्यपालनको क्षेत्रमा देखापर्ने चुनौतीहरू, आधारभूत पूर्वाधारको आवश्यकता, स्वदेशी माछाको प्रजननमा तक्नीकी सहायता, मत्स्यपालनका विभिन्न पक्षहरूमा अधिकारीहरू र कृषकहरूको क्षमता निर्माण कार्यक्रम आदि विषयमाथि प्रकाश पार्नका साथै चर्चा-परिचर्चा गरियो।

विभागका सहायक निदेशक एवं नोडल अधिकारी श्री सुरेन्द्र भण्डारीले प्रधानमन्त्री मत्स्य सम्पदा योजना र सिक्किम सरकारको मत्स्यपालन विभागले गरेका विभिन्न गतिविधिबारे पावर पोइन्ट प्रस्तुतिकरणमार्फत जानकारी गराउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>IMD Weather</u>

मौसम विभागले देशका मध्यवर्ती, पूर्वी र दक्षिणी प्रायद्वीपीय भागहरूमा सोमवारसम्म गर्जनका साथ भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। भोलीसम्म सिक्किम र पश्चिम बंगालमा अधिक हावा चल्ने र बिहार तथा झारखण्डमा पनि गर्जनका साथ हल्का वर्षा हुने सम्भावना छ।

--------------------------------------X--------------------------------------

- <u>C Division League</u>

JVC सिङतामले यहाँको पाल्जर स्टेडियममा भइरहेको सिक्किम फुटबल संगठन ‘C’ Division League 2024-अन्तर्गत आफ्नो दोस्रो खेलमा पेगङ स्पोर्टिङ क्लबमाथि विजय दर्ता गरेको छ। आज भएको खेलमा इन्द्रबहादुर दर्जीको दुई गोलको सहयोगमा JVC-ले विजयी बन्नका साथै तीन अंक प्राप्त गरेको छ।

आज नै खेलिएको League-को दोस्रो खेलमा डेञ्जोङ बोइज फुटबल क्लबले विजय हासिल गर्दै तीन अंक प्राप्त गरेको छ। डेञ्जोङ FC-को आफ्नो दोस्रो खेलमा United Pacheykhani Sporting Club-सित भिड़न्त भएको थियो।

---------------------------------------X---------------------------------------